

# जडीबुटी तथा सुगन्धित बिरुवाको असल संकलन आचार संहिता (प्राकृतिक वासस्थानबाट)

## परिभाषा

प्रचलित परम्परागत अधिकार तथा राज्यको ऐन नियम पालना गरी वातावरणमा समेत नकारात्मक असर नपर्ने गरी प्राकृतिक बासस्थानबाट जडीबुटी तथा सुगन्धित बनस्पती स्रोतको दिगो व्यवस्थापन तथा सदुपयोगको लागि अपनाइने जिम्मेवारीपूर्ण व्यवसायिक व्यवस्थापन आचार संहिता हो तर यो राज्यको कानुन भने होइन ।







## उद्धेश्य

- प्राकृतिक स्रोत संरक्षण तथा दिगो सदुपयोग
- वातावरण संरक्षण
- गुणस्तरीय जडीबुटी उत्पादन
- मल्य अभिवद्धि



## लक्षित वर्ग

जडीबुटी संकलनकर्ता, ब्यापारी, सम्वन्धित सरकारी गैरसरकारी निकाय, नीजी ब्यवसायीहरु तथा नागरिक समाज ।





१
संकलन गरिने जडीबुटीको पहिचान र सोको वासस्थान तथा स्रोत यकिन गरी एक प्राविधिक योजना बनाउने ।

२
संकलनकर्ताले संकलन गरिने जडीबुटीको पहिचान तथा जीवन चक्रबारेमा विस्तृत जानकारी हुनुपर्ने ।

३
संकलनको लागि राज्यबाट नियमानुसार सम्बन्धित निकायबाट साथै सामुदायिक वन वा नीजी क्षेत्र भए सोबाट पनि संकलन अनुमति लिने ।



४
संकलन गरिने औजार सफा, स्वस्थकर, चुस्त दुरुस्त हुनु पर्ने । संकलन गरिने भाडा पनि सफा तथा अन्य प्रदुषित पदार्थ राख्न प्रयोग नगरिएको हुनु पर्ने ।



५
संकलित जडीबुटीहरुको गुणस्तर कायम गर्न संक्रमण नहुने तथा नबिग्रिने गरी छिटो भन्दा छिटो भण्डारण गरिने ठाँउ सम्म ढुवानी गर्ने । ढुवानी गर्ने साधन सफा तथा प्रदुषण रहित राख्ने



६
संकलन गर्दा घमाइलो,सुख्खा मौसममा गर्ने, संकलित जडीबुटी सुख्खा तथा सफा डोको वा जुटको बोरामा राख्ने, कोचेर बाफिन नदिने । प्लास्टिकको बोरा प्रयोग नगर्ने । जिवाणु संक्रमणबाट बचाउने

७
जडीबुटी भण्डारण तथा प्रारम्भिक प्रशोधन गर्दा संकलित जडीबुटीलाई किरा तथा ढुसिबाट संक्रमित हुनबाट जोगाउने, घाम पानी, रसायनिक, अजैविक बस्तु तथा जनावरहरुबाट जोगाउने ।





८
दिगो संकलनको लागि संकलन गरिने जडीबुटीहरुको स्रोत नमासिने गरी गर्ने । घुम्तीबाली वा पुनःउत्पादन सुनिश्चित हुने गरी गर्ने





## मुख्य सिद्धान्तहरु

- जडीबुटीको सहि पहिचान
- गुणस्तरीय तथा स्वस्थकर, रोगजन्य जिवाणु रहित उत्पादन
- प्रचलित परम्परागत अधिकारको प्रयोग र राज्यको ऐन नियम पालना
- वातावरण संरक्षण र जडीबुटी स्रोतको दिगो व्यवस्थापन सुनिश्चित

PTB

नेपाल सरकार
वन तथा भू संरक्षण मन्त्रालय
वनस्पति विभाग, थापाथली, काठमाण्डौ